# बीमा प्राधिकरणको निर्देशन लागू गर्न कम्पनीहरु अनिच्छुक

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ८ चैत ।

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरुलाई जारी गरेको निर्देशनमा बीमा कम्पनीहरु अनिच्छुक देखिएका छन् । प्राधिकरणले जारी गरेको १८ बुँदे निर्देशन हुबहु पालना गर्न नसकिने बताएका हुन् । प्राधिकरणको निर्देशन दिएका १८ वटै बुँदाहरु कार्यान्वयन गर्दा खर्च बढ्न गई घाटा हुने भएकाले हुबहु कार्यान्वयन नगर्ने मनसायमा बीमा कम्पनीहरु पुगेको देखिएको छ । बीमा कम्पनीहरुमाथि स्थलगत तथा गैर-स्थलगत निरीक्षण गर्दा कैफियत देखिएको भन्दै प्राधिकरणले कम्पनीहरुलाई १८ बुँदे निर्देशन दिएको छ । बीमा कम्पनीका कार्यालयहरुको भौतिक पूर्वाधार, जनशक्ति, कार्यालय, कर्मचारीको तालिम तथा वृत्ति विकास लगायतका निर्देशन प्राधिकरणले दिएको छ ।

बीमा कम्पनीहरुको व्यवसाय खुम्चिएका बेला प्राधिकरणले खर्च बढाउने गरी निर्देशन जारी गरिएको बीमा कम्पनीका सञ्चालकको भनाइ छ ।




नेपाल बीमक संघका अध्यक्ष चंकी क्षेत्रीले प्राधिकरणले जारी गरेका केही निर्देशनहरु बीमा कम्पनीहरुले लागू गरिरहेको र आफ्नो कम्पनी कसरी चलाउने भन्ने विषयमा कम्पनीहरु सेल्फ अण्डरस्ट्याण्डिङमा रहेको सञ्चारमाध्यमलाई प्रतिक्रिया दिएका छन् । 'नयाँ मोडर्न अनुसार अफिस बनाउन खोजेको हो, सबै शाखा कार्यालयहरु व्यवस्थित छन्, साना शाखा कार्यालयमा २/३ जना र ठूलो शाखामा ८/१० जना पनि कर्मचारी राखेका छौं', उनले भने, 'कुनै कम्पनीमा नपुगेको हुनसक्छ, तर, अधिकांश कम्पनीले प्राधिकरणले तोकेको पुऱ्याएका छन् ।'

नेपाल बीमा प्राधिकरणका अनुसार चालु आर्थिक वर्षको ७ महिना अवधिभित्र नेपालमा एक करोड ३७ लाख ९४ हजार १३७ पोलीसी सक्रिय अवस्थामा रहेका छन् । जुन संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.२६ प्रतिशतले कम हो । त्यस्तै, अघिल्लो आर्थिक वर्षको सात महिना अवधिको तुलनामा चालु आर्थिक वर्षको सात महिनामा निर्जीवन बीमा कम्पनीहरुको व्यवसाय पनि २.६० प्रतिशतले घट्न पुगेको छ । सम्पूर्ण बीमा क्षेत्रको व्यवसायमा आएको गिरावटका कारण बीमा कम्पनीहरुले प्राधिकरणले जारी गरेको नयाँ निर्देशनलाई हुबहु लागू गर्न अनिच्छुक भएको देखिन्छ ।

कम्पनीका प्रदेश, शाखा तथा उपशाखा कार्यालयहरुको न्यूनतम भौतिक पुर्वाधार विकास गर्ने, तोकेको मापदण्डबमोजिम जनशक्ति परिचालन गर्ने, तोकेको जिल्लामा शाखा/उपशाखा कार्यालय अनिवार्य स्थापना गर्ने र कर्मचारीको दक्षता अभिवृद्धिका लागि कर्मचारी खर्चको कम्तिमा २ प्रतिशत रकम कर्मचारी तालिम तथा वृत्ति विकासमा खर्च गर्ने निर्देशन प्राधिकरणले कम्पनीहरुलाई दिएको छ । त्यस्तै, बीमा शुल्क दाखिला पश्चात बीमालेख जारी गर्ने, कृषि तथा पशुपन्छी बीमामा ५० हजारसम्म एवं मोटर र सम्पत्ति बीमामा २ लाखसम्मको दाबी भुक्तानीलाई प्रदेश एवं शाखा कार्यालयबाट समेत फर्छ्यौट गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशिका, २०७५ बमोजिम बीमकको जोखिम मूल्यांकन प्रतिवेदन अद्यावधिक गर्ने लगायतका १८ वटा निर्देशन प्राधिकरणले बीमा कम्पनीहरुलाई दिएको छ ।

# हिमालयन हाइड्रो एक्स्पो हुँदै

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ८ चैत

हिमालयन हाइड्रो एक्स्पो २०२४ हुने भएको छ । एक्स्पोमा दुई वटा विधामा प्रतिस्पर्धा गराइने भएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल इप्पान र एक्स्पो एण्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेजको संयुक्त आयोजनामा छोटो वृत्तचित्र बनाउने प्रतिस्पर्धा हुने छ ।

सु-समृद्धिका लागि हरित ऊर्जा भन्ने विषयवस्तुलाई केन्द्रमा राखेर छोटो भिडियो बनाउने र हाइड्रोपवारका सामग्री वा सेवासँग सम्बन्धित जलविद्युत उत्पादन र सेवा प्रतियोगिता आयोजना गर्न लागेको हो ।

नेपालको ऊर्जा क्षेत्रको विकासमा सहयोग पुग्ने गरी हरित ऊर्जाको आवश्यकता र महत्वको दुई विधामा प्रतिस्पर्धा गराउन लागेको इप्पानका अध्यक्ष गणेश कार्कीले जानकारी दिए । हरेक प्रतिस्पर्धाका बिजेताले ४४, ४४ हजार रुपैयाँ नगद पुरस्कार र प्रमाणपत्र पाउने छन् ।

९० सेकेण्डको भिडियोमा समृद्धिका लागि हरित ऊर्जाको महत्वसहितको भिडियोहरु आयोजक संस्था इप्पानको वेवसाइट र इभेन्ट व्यवस्थापक इभेन्ट सोलुसनको वेवसाइट एवं हिमालयन हाइड्रो एक्स्पोको वेवसाइट तथा अफिसियल सामाजिक सञ्जालहरु फेसबुक इन्स्टाग्राम, युट्युब, लिङ्देन लगायतमा समाजिक संजालमा पोस्ट गरिनेछ ।




सबैभन्दा धेरै लाइक, शेयर र कमेन्ट पाउने भिडियोलाई प्रथम दितीय पुरस्कार दिइनेछ । प्रथम पुरस्कार ४४ हजार र द्वितीय पुरस्कार २२ हजार रुपैयाँ रहेको छ । सो भिडियो चैत २७ गतेभित्र पठाइसक्नुपर्ने उल्लेख छ । २०८१ बैशाख ११ गतेसम्म आउने लाइक र कमेन्टलाई प्रतिस्पर्धामा गणना गरिनेछ भने हाइड्रोपवार उत्पादन र सेवासँग सम्बन्धित आइडियाहरु देखाउने प्रतिस्पर्धाका सहभागीले आफ्ना रचनात्मक आइडियाहरु एक्स्पो अवधि २०८१ बैशाख १२ देखि १४ गते भित्र एक्स्पो स्थल भृकुटीमण्डपमा प्रदर्शन गरिनेछ ।

यो प्रतिस्पर्धामा सहभागी हुन भने ५ जनासम्मको समुहलाई २५ सय रुपैयाँ सहभागिता शुल्क तोकेको छ । यो शुल्कमा हरेक व्यक्तिलाई ३ दिनसम्म लञ्च कुपन उपलब्ध गराइने छ । प्रथम हुने व्यक्ति वा समूहले ४४ हजार रुपैयाँ नगद पुरस्कार पाउने भने द्वितीय र तृत्तीय हुनेले क्रमश २२ र ११ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछ । एक्स्पोको अवसरमा अयोजना गरिएको प्रतिस्पर्धाले हरित ऊर्जाले समग्र विकासमा पारेको प्रभाववारे सर्वसाधारणलाई जनचेतना दिनुका साथै ऊर्जा क्षेत्रमा प्रयोग हुने नयाँ नयाँ अवधारणाहरुको वारेमा जान्न र बुझ्न सहयोग पुग्ने इप्पानका महासचिव बलराम खतिवडाले बताए ।

तीन दिनसम्म सञ्चालन हुने चौथो संस्करणको हिमालयन हाइड्रो एक्स्पोमा १०० भन्दा धेरै स्वदेशी तथा विदेशी कम्पनीहरुका स्टल रहनुका साथै विभिन्न ७ वटा विषयमा सेमिनार सञ्चालन हुनेछ । ५० हजार भन्दा धेरै अवलोकन कर्ताले एक्स्पो अवलोकन गर्ने अपेक्षा गरिएको इप्पानले जनाएको छ ।

## कुमारीद्वारा वित्तीय साक्षरता भिडियो र पुस्तक सार्वजनिक

**काठमाडौं/मस** – कुमारी बैंक लिमिटेडले वित्तीय साक्षरता भिडियो श्रृंखला र पुस्तक सार्वजनिक गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल तथा वरिष्ठ कलाकार दीपाश्री निरौलाको उपस्थितिमा बैंकले चैत ८ गते वित्तीय साक्षरता भिडियो श्रृंखला र पुस्तक एकैसाथ सार्वजनिक गरेको हो । बैंकिङ सेवाहरुको विवेकपूर्ण उपयोगलाई




प्रवर्द्धन गर्न गहिरो ध्यान केन्द्रित गर्दै भिडियो श्रृंखलाले व्यवसाय व्यवस्थापन, नगदप्रवाह व्यवस्थापन, बैंकिङ सुरक्षा र सही खाताहरु कायम राख्ने जस्ता अत्यावश्यक विषयहरुमा जोड दिएको बैंकले जनाएको छ ।

बैंकले भिडियो श्रृंखला र पुस्तकमार्फत् बैंकिङ सेवाको प्रयोग, व्यवसाय शुरु र सञ्चालन गर्ने प्रक्रिया, बैंकिङ सुरक्षा जस्ता धेरै विषयवस्तुमा केन्द्रीत गरेको उल्लेख गरेको छ । भिडियो श्रृंखलामा दीपाश्री निरौला, दमन रुपाखेती, शिवशंकर रिजाल लगायतका चर्चित कलाकारहरुको अभिनय रहेको छ ।

## ग्लोबल आइएमईको ग्रिन ड्राइभ योजना सार्वजनिक

**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंक लिमिटेडले ग्रिन ड्राइभ योजना सार्वजनिक गरेको छ । अटो कर्जाअन्तर्गत विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न न्यूनतम् ब्याजदरमा ग्रिन ड्राइभ योजना सार्वजनिक गरेको हो । सो ग्रिन ड्राइभ योजनाअन्तर्गत व्यक्तिगत प्रयोजनको लागि चारपांग्रे सवारी साधन खरिद



गर्दा ९.४९ प्रतिशतदेखि ९.९९ प्रतिशतसम्मको स्थिर ब्याजदरमा कर्जा पाइने बैकले जनाएको छ ।

कर्जाको अवधि पाँच वर्षसम्मको लागि स्थिर ९.४९ प्रतिशत र पाँच वर्षभन्दा बढिको लागि स्थिर ९.९९ प्रतिशत ब्याजदर रहेको छ । न्यूनतम सहित स्थिर ब्याजदरमा सार्वजनिक भएको उक्त ग्रिन ड्राइभ योजना सरल तरिकाले छिटो कर्जा उपलब्ध हुने भएकोले विद्युतीय सवारी साधनको प्रयोग गर्ने मनस्थिति बनाइराखेकालाई सो योजनाले लाभान्वित गर्ने विश्वास बैंकले लिएको छ ।

## सिटिजन्स बैंकका ग्राहकले शंखरापुर हस्पिटलमा छुट पाउने



**काठमाडौं/मस** – सिटिजन्स बैंक इन्टरनेशनल र जोरपाटी, काठमाडौं स्थित शंखरापुर हस्पिटल बीच सम्झौता भएको छ । सो हस्पिटलमा बैंकका ग्राहकले छुट पाउने सम्बन्धी सम्झौता भएको हो । सम्झौताअनुसार बैंकका कार्डबाहक ग्राहकहरुले शंखरापुर हस्पिटलमा १० प्रतिशतसम्म छुट पाउनेछन् । सो सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ । बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरु सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

## सीजीले ल्यायो डिजिटल बोर्ड

**काठमाडौं/मस** – सीजी ब्रान्डले शिक्षा, कर्पोरेट अफिस र अस्पतालहरुका लागि अन्तरक्रियात्मक डिजिटल बोर्ड ल्याएको छ । अन्तरक्रियात्मक डिजिटल बोर्डहरु ठूला साईजमा भएकाले कुनै कुराहरु प्रदर्शन गर्न र सिक्ने सिकाउने उपकरणको रुपमा प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ ।

बोर्डलाई कम्प्युटर र अन्य उपकरणहरुमा जडान गरिएको छ भने प्रयोगकर्ताहरुलाई जानकारी प्रदर्शन गर्न र त्यही समयमा त्यससँग अन्तरक्रिया गर्न पनि सकिनेछ । बोर्डमा रिजोल्युसन, वायरलेस स्क्रिन टच, एन्ड्रोइड, ओएस, बिल्ट-इन क्यामेरा र माइकहरु जस्ता विभिन्न सुविधाहरु सहित ६५, ७५ र ८६ इन्चमा उपलब्ध छन् ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौ,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## Gramthan Rural Municipality

Tetariya, Morang

**Invitation for Bids (e-bid only)**

**Date of publication: 2080/12/09**

1. Gramthan Rural Municipality, Office of the Rural Municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| Contract ID/IFB No. | Description | Estimated Amount (exclusive VAT) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|
| GramthanRural/ncb/ Goods/13-80/81 | Supply and Delivery of Medicine to Gramthan Rural Municipality, Tetariya | 2165910.7 | 3000 | 61000 | |

## Machhapuchchhre Rural Municipality
## Office of the Rural Municipal Executive

Lahachowk, Kaski

**Invitation for Sealed Quotation**

**First Publication Date: 2080/12/09(2024-03-22)**

1. The Machhapuchchhre Rural Municipality, Kaski invites electronic sealed quotations from registered Suppliers/Bidders for the Supply and Installation of Digital Charter for Rural Municipality Office and .all ward office.

| S. N. | Sealed Quotation No. | Description of works | Bid validity period | Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline for purchase of Bid Document | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MRM/SQ /GOODS/04 /2080-081 | Supply, Installation, Testing and Commissioning of Digital Charter | 45 days | After 30 days of bid validity period. | 37,000 | 1000 | 2080/12/23 till 12:00 Noon | 2080/12/23 till 12:00 Noon | 2080/12 /23 at 1:00 PM |
| Account No. for bid document purchase fee: | | | Name of Bank: Prabhu Bank Limited<br>Name of Office: Machhapuchchhre Rural Municipality,<br>Office of the Rural Municipal Executive<br>Office Code no :801043903<br>Account Number : 1400109223400069<br>Account Type : GA-1.1 Machhapuchchhre GA.PA. Antarik Rajashwo Khata | | | | | | |
| Account No. for bid security deposit: | | | Name of Bank: Prabhu Bank Limited<br>Name of Office: Machhapuchchhre Rural Municipality,<br>Office of the Rural Municipal Executive<br>Account Number : 1400109223400048<br>Account type : GA-3 Machhapuchchhre GA.PA Sthaniya Taha Dharauti Khata | | | | | | |

2. Eligible suppliers may obtain further information and inspect the sealed quotation documents from PPMO website www.bolpatra.gov.np/egp.
3. If last date of purchasing and/or submission falls on a government holiday, then next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same prescribed for the original last date of bid submission. The bid validity and bid security shall be counted after date of bid opening.
4. Machhapuchchhre Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
5. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**